# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख २० गते २०३४ साल

श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले राजकाज (अपराध र सजाय) ऐन, २०१९ को १० (२) ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशित गरेको छ।

नेपाल राजपत्र भाग ३ मिति २०२६।५।२४ खण्ड २२ अतिरिक्ताङ्क २४ (क) मा प्रकाशित गृह पञ्चायत मन्त्रालयको सूचना बमोजिमको अधिकारीमा सम्बन्धित अञ्चलाधीशलाई तोकिएकोमा मुस्ताङ र दार्चुला जिल्लामा खम्पाहरूले हातहतियार उठाई राजकाज (अपराध र सजाय) ऐन, २०१९ को दफा ४ (१), ५, ७ र ८ अन्तर्गतको कसूर गरेको मुद्दाहरू कारवाई र किनारा गर्ने अधिकारीमा श्री ५ को सरकारले बागमती अञ्चलाधीशलाई तोकिदिएको छ।

आज्ञाले–
शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

सार्वजनिक सुरक्षा ऐन, २०१८ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही ऐनको दफा ३ बमोजिमको सबै अधिकार कोशी टप्पुमा खड्ग निशानाले पाएको जग्गा दर्ता गर्न गठित उच्चस्तरीय आयोगको अध्यक्षले प्रयोग गर्न पाउने गरी प्रदान गरिएको छ ।

आज्ञाले–
शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।